**कोरोना भाइरस सम्बन्धमा बागमती प्रदेशको अवस्था**
**मकवानपुर । ०७७ जेठ ५ गते**

नेपालमा कोरना सङ्क्रमितको सङ्ख्या ३ सय ५७ जना पुगेको छ । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डाक्टर विकास देवकोटाले दिएको जानकारी अनुसार जेठ ५ गते मात्रै थप ५३ जनामा कोरना सङ्क्रमण देखिएको हो ।

जसमा ४७ जना बाँकेका रहेका छन् भने विराटनगर स्थीत प्रादेशिक प्रयोगशालामा मोरङ्गका एक जना, भैरहवाको प्रयोगशालामा गुल्मीका एक जना र धुलिखेल अस्पतालको प्रयोगशालामा गरिएको परीक्षणमा धनुषाका एक, रौतहटका एक, दाङका एक र धादिङका एक जना रहेका छन् ।

सङ्क्रमण देखिएकाहरू १८ वर्षदेखि ४६ वर्षसम्म उमेर समूह रहेका छन् । हालसम्म २ सय ९८ जना पुरुष र ५९ जना महिला रहेका मन्त्रालयले जनाएको छ ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, काठमाडौँमा गरिएको परीक्षणले उनीहरूमा कोरोनाको सङ्क्रमण पुष्टि भएको हो । स्वास्थ्य मन्त्रालयले हाल सबै सङ्क्रमितको अवस्था सामान्य रहेको र उनीहरू स्वास्थ्यकर्मीको सम्पर्कमा रहेको जनाएको छ । नेपालका ७७ जिल्ला मध्ये हालसम्म ३१ जिल्लामा कोरना सङ्क्रमित देखिएको छ ।

यस प्रदेशको १३ ओटै जिल्लामा कोरोना भाइसरको सम्बन्धमा जिल्ला प्रतिनिधिहरूले पठाउनु भएको रिपोर्टको आधारमा यो प्रतिवेदन तयार पारिएको छ ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सीताराम अधिकारी**का अनुसार कोरोना भाइरस (कोभिड-१९) परीक्षणका लागि धादिङ जिल्लामा थप आरडिटी र पिसिआर किटहरू आएको छ ।

स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मीहरूका लागि परीक्षण गर्न र परीक्षणको दायरा बढाउन जिल्लामा आरडिटी र पिसिआर किट ल्याइएको हो । हाल जिल्लामा १ हजार २ सय आरडिटी र ३ सय पिसिआरकिट आएको धादिङ स्वास्थ्य कार्यालयका प्रमुख डा. भुवन पौडेलले बताउनुभएको छ ।

चिकित्सकले आवस्यकता र लक्षणको अधारमा आरडिटी र पिसिआर विधिबाट कोभिड परीक्षण गर्न सकिने व्यवस्था रहेको छ ।

धादिङका २१ जना पत्रकार र ८६ जना सुरक्षाकर्मीको जेठ ५ गते कोरोना भाइरस (कोभिड १९ ) को द्रुत परीक्षण (आरडिटी) परीक्षण गरिएको छ ।

दैनिक समाचार सङ्कलन तथा सम्पादनका कार्यमा लाग्ने पत्रकारहरूका लागि आरडिटी विधि मार्फत २१ जनाको स्वास्थ्य परीक्षण गरिएको हो । कोरोना भाइरस (कोभिड १९) को द्रुत परीक्षण विधिबाट गरिएको परीक्षणमा सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय धादिङका प्रमुख डा. भुवन पौढेलले बताउनु भयो ।

अग्रपङ्तिमा खटिएर काम गरिरहेका पत्रकारहरूले सुरक्षित तरिकाले रिपोर्टिङ गरेका कारण कोरोना परीक्षण गर्दा सबै सुरक्षित रहेको देखिएको नेपाल पत्रकार महासङ्घ धादिङका अध्यक्ष नवराज छत्कुलीले बताउनु भयो । त्यस्तै उहाँले आगामी दिनमा पनि सुरक्षित रहेर काम गर्न अध्यक्ष छत्कुलीले आग्रह गर्नु भएको छ ।

यसैगरि अग्रपङ्क्तिमा काम गर्ने सुरक्षाकमीृको पनि कोरोना भाइरस (कोभिड-१९) कोद्रुत परीक्षण ( आरडिटी गरिएको छ । जिल्ला प्रहरी कार्यालयमा ६६ जना र ससस्त्र प्रहरी बेस क्याम्प धादिङबेसीमा २० जनाको आरडिटी परीक्षण गरिएको थियो । परीक्षणपछि दुई जना सुरक्षाकर्मीको पिसिआर जाँच गर्नु पर्ने भएकोले स्वाब सङ्कलन गरिएको छ ।

गल्छी गाउँपालिका अन्तरगत बैरेनी स्वास्थ्य चौकीकामा कार्यरत १४ जना स्वास्थ्यकर्मीहरूको कोरोना भाइरसको द्रुत परीक्षण विधिबाट परीक्षण गरिएको छ ।
कोरोना भाइरस सङ्क्रमण भएको ३० वर्षीया महिला रहेको गल्छी गाउँपालिका-८ कटल पौवामा समेत सेवा दिएका स्वास्थ्यकर्मीहरू मध्ये एक जना नर्स र एक जना एम्बुलेन्स चालकको आरडिटी परीक्षण गर्दा रिपोर्ट पोजेटिभ आएको छ ।
दुई जनाको आरडिटी पोजेटिभ आएपछि स्वास्थ्य शाखाकामा कार्यरत कर्मचारी र स्वास्थ्यकर्मीहरूलाई स्वास्थ्य चौकीमा नै राखिएको गल्छी गाउँपालिका स्वास्थ्य शाखा प्रमुख रामप्रसाद ज्ञावालीले जानाकारी दिनुभयो । यसैगरि कटलपौवामा स्वाब सङ्कलन गरिएका ३६ जना सबैको पिसिआर विधिबाट गरिएको परीक्षणको सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
यसैबीच, कोरोना भाइरस (कोभिड १९)को महामारी भएको भारतमा मजदुरी गरेर बसेका र लामो बन्दाबन्दीपछि नेपालको सिमा क्षेत्रमा आएका निलकण्ठका नागरिकहरूलाई नगरपालिकाले जेठ ५ गते उद्धार गरेको छ ।
रुपन्देशी जिल्लाको तिलोत्तमा नगरपालिकामाको क्वारेण्टाइनमा बसेका ३२ जनालाई नीलकण्ठ नगरपालिकाले उद्धार गरेको हो । तिलोत्तमा नगरपालिकाको भैरहवा क्षेत्रमा क्वारेण्टाइनमा राखिएका सबै जनाको आरडिटी परीक्षण भई सकेको र सबैको रिपोर्ट नेगेटिभ आएको नीलकण्ठ नगरपालिका स्वास्थ्य संयोजक विष्णु रिजालले बताउनु भएको छ । भैरहवाबाट ल्याइएपछि उनिहरूलाई धादिङबेसी स्थित क्वारेण्टाइनमा १४ दिन राखेर घर पठाइने छ ।
नेत्रावती डबजोङ गाउँपालिकामा अल्ट्रासाउण्ड ( भिडियो एक्स रे ) सेवा सुरु भएको छ । गाउँपालिका स्थित कटुन्जे स्वास्थ्य चौकीले आइतबार ४३ जना गर्भवती महिलाको गर्भको परीक्षण गरीएको गाउँपालिकाले जनाएको छ ।
गाउँपालिका स्थित रहेको कटुन्जे स्वास्थ्य चौकी, सेमजोङ स्वास्थ्य चौकी र मार्पाक स्वास्थ्य चौकीबाट भिडियो एक्स-रे सेवा सञ्चालन गरिने जनाएको छ । ग्रामिण अल्ट्रा साउड कार्यक्रमले मातृ मृत्यु तथा नव शिशु मृत्यु दर घटाउन मद्दत पुग्ने विश्वास लिइएको छ ।
बन्दाबन्दीको समयमा ग्रामिण स्वास्थ्यचौकीहरूमै यसरी गर्भ परीक्षण गरिएपछि आमा र बच्चामा आउन सक्ने खतराबारे जानकारी पाएर जोखिमबाट बच्न सक्नेछन् ।
जिल्ला सुरक्षा समितिको निर्णयलाई अवज्ञा गर्दै सुरक्षाकर्मीलाई छलेर आएका दुई ओटा ट्रक सुरक्षाकर्मीले नियन्त्रणमा लिएका छन् ।
जिल्लाले कोरोना सङ्क्रमण भएका तराईका कुनै पनि जिल्लाबाट व्यापारिक सामग्री आयात नगर्ने निर्णयको सदरमुकाम पुछारवजार स्थित दुवाडी एग्रोभेटले अवज्ञा गरेको थियो । जिल्ला स्थित उद्योग वाणिज्य सङ्घका पूर्व जिल्ला अध्यक्ष समेत रहेका वोधप्रसाद दुवाडीले दुई ओटा ट्रकमा करिव ४० टन कुखुरा दाना आयात गरेका थिए ।
'सुरक्षाकर्मीहरूलाई चितवनवाट ल्याएको भनेर विभिन्न चेक पोष्टहरूमा छल्दै आए पनि सामान झार्ने बेला विल हेर्दा अत्याधिक कोरोना सङ्क्रमित जिल्ला पर्साको वीरगञ्जबाट ल्याएका प्रमाण भेटिएपछि नियन्त्रणमा लिएको सशस्त्र प्रहरी वलका प्रहरी नायव उपरीक्षक धिरेन्द्रराज न्यौपानेले बताउनु भयो ।
सामग्री सहित ना ६ ख ८२०९ र १० का दुबै ट्रकका चालक, सह-चालक र सामान झार्ने मजदुरहरू सहित १० जनालाई सदरमुकाम स्थित क्वारेन्टाइनमा राखिएकोछ । त्यस्तै जेठ १ गते सिद्धलेक गाउँपालिकाबाट वीरगञ्ज व्यापारिक सामग्री लिन गएका सवारी साधनका सात जना चालक र सहचालक सहितलाई पनि क्वारेन्टाइनमा राखिएको छ ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबाबु धितालका** अनुसार बाह्रविसे नपा-९ की २९ वर्षीया सुत्केरी महिलाको कोरोना भाइरस सङ्क्रमणबाट मृत्यु भएपछि सिन्धुपाल्चोकमा कोभिड १९ को थप सङ्क्रमण हुन नदिन बिभिन्न सुरक्षा सर्तकता अपनाइएको छ ।
इन्द्रावती गाउपालिकाले कोभिड १९ सङ्क्रमण रोगथाम तथा नियन्त्रणका लागि थप सावधानि अपनाउन प्रवेश नाकामा सुरक्षाकर्मी तैनाथ गरी आवतजावतमा कडाइ गरेको गाउँपालिका अध्यक्ष बंशलाल तामाङले बताउनु भयो । गाउँपालिका प्रवेश गर्ने मुख्य नाका सिपाघाटको पुलछेउमा रहेको हेल्पडेक्समा सुरक्षाकर्मी, स्वास्थ्यकर्मी तथा स्वंसेवक सहितको टोली २४ सै घण्टा परिचालित गरिएको अध्यक्ष तामाङले बताउनु भयो ।
त्यसैगरी बाह्रविसे बजार क्षेत्रको एरियामा आवत जावतमा थप कडाइ गरिएको बाह्रविसे नपा उपाध्यक्ष सुशीला पाखीनले बताउनु भयो ।
त्यस्तैगरी बाह्रविसे नगरपालिकासँग जोडिएको त्रिपुरासुन्दरी गाउँपालिका-३ धुस्कुनमा २५ बेडको क्वारेण्टाइन तयारी गरिएको वडा अध्यक्ष सुकदेव रिसालले बताउनु भयो ।
सुत्केरी महिलाको कोरोना सङ्क्रमणबाट मृत्यु भएको घटनाले जिल्लाका सबै स्थानहरूमा यसपछि घटना हुन नदिन सुरक्षा सर्तकता अपानाइएको प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बताउनु भयो ।
**यसैबीच,** कोरोना भाइरस सङ्क्रमणबाट मृत्यु भएकी बाह्रविसे नगरपालिका-९ राम्चेकी २९ वर्षीया महिलाको नाबालक शिशुसहितको चार जना परिवार जेठ ५ गते धुलिखेल अस्पतालबाट घर फर्केको जिल्ला प्रहरी कार्यालयका एसपी प्रज्वल महर्जनले बताउनु भयो ।
सुत्केरी महिलाको जेठ २ गते राती मृत्यु भएपछि उनिसँगै धुलिखेल अस्पताल गएका नौ दिनको शिशु, पति, सासु र नन्दलाई धुलिखेल अस्पतालको आइसोलेसनमा राखिएको थियो ।
उनिहरूको स्वाब परीक्षण गर्दा सबैको नेगेटिभ रिपोर्ट आएपछि अस्पतालले डिस्चार्ज गरेको प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बताउनु भयो ।
उनिहरूलाई नेपाल रेडक्रस सोसाइटी जलवीरे उपशाखको एम्बुलेन्स मार्फत घर पठाएको प्रमुख जिल्ला अधिकारी ढकालले बताउनु भयो ।

**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारीका** अनुसार भरतपुर अस्पतालमा दैनिक रुपमा प्रसूति सेवा दिन थालिएको छ ।
सामान्य अवस्थाका गर्भवतीको शुक्रबार र आइतबारमात्र शल्यक्रिया मार्फत प्रसूती सेवा प्रदान गरिएकोमा अहिले सार्वजनिक बिदा बाहेक सबै दिन सेवा थालिएको भरतपुर अस्पतालका सूचना अधिकारी लिलाधर पौडेलले बताउनुभयो ।
सूचना अधिकारी पौडेलका अनुसार वैशाखमा मात्र ७ सय ५३ जनाले अस्पतालमा बच्चा जन्माएका छन् । भरतपुर महानगर कार्यपालिकाको जेठ ४ गते बसेको बैठकले क्वारेण्टाइन व्यवस्थापनसम्बन्धी विभिन्न निर्णय गरेको छ । ती निर्णयका आधारमा वडातहमा क्वारेण्टाइन व्यवस्थापन गर्न महानगरपालिका कार्यालयले सबै वडालाई पत्र काटेको छ ।
हरेक वडामा न्यूनतम १० बेड क्षमताको क्वारेण्टाइन स्थापना गर्न भनिएको छ । स्थानीय लज, तालिम केन्द्र, होटल, विद्यालय वा सामुदायिक भवनजस्ता स्थानमा क्वारेण्टाइन स्थापना गर्न भनिएको छ ।
खैरहनी नगरपालिकाले नयाँ निर्माण गरेको क्वारेण्टाइनमा बाहिर जिल्लाबाट आएकालाई राख्न सुरु गरेको छ । वडागत रुपमा क्वारेण्टाइन निर्माणसँगै सम्बन्धित वडाहरूमा बाहिरी जिल्लाबाट आएकाहरूलाई राख्न सुरु गरिएको हो । जेठ ४ गते खैरहनी नगरपालिका-२ को जनजीवन माध्यमिक

विद्यालयमा क्वारेण्टाइन निर्माण गरेर १० जनालाई राखिएको वडाध्यक्ष टीकादत्त इटनीले बताउनुभयो । चितवनका विभिन्न अस्पतालहरूबाट जेठ ५ गते ३० वटा नमूना पठाइएको छ ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार नेपाल सरकारले घोषणा गरेको लकडाउन ५६ दिन हुँदै गर्दा दोलखामा ६ सय ६७ जनाले कोरोना भाइरस (कोभिड १९) बारे जानकारी लिएका छन् ।
नेपाल सरकारले घोषणा गरेको लकडाउन उल्लङ्घन गर्दै बिनाकाम घरबाट बाहिर निस्किएका नागरिकले कोरोना भाइरस (कोभिड १९) बारे जानकारी लिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । लकडाउन उल्लङ्घन गर्दै जेठ ५ गते मात्र सदरमुकाम चरिकोट आसपासबाट लकडाउन उल्लङ्घन गर्दै घर बाहिर निस्केका ७३ जनाले सातदोबाटो चोकबाट कक्षा लिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक रेशम बोहराले जानकारी दिनु भयो ।
आधा घण्टा सञ्चालन हुने कक्षामा सुरक्षाकर्मीले कोरोना भाइरस, यसका लक्षण, बच्ने उपायलगाएतका विषयमा जानकारी दिने गर्दछन् । यस्तो सुरुवात जिल्लाका सुरक्षाकर्मीले लकडाउन घोषणा गरेदेखि गरेका हुन् ।
यसैबीच, शैलुङ गाउँपालिकाले आफ्नो गाउँपालिकाबाट विभिन्न किसिमका रोजगारी र अध्ययनका लागि भारतलगायत अन्य तेस्रो मुलुकमा रहेका आफ्ना नागरिकहरूको विवरण सङ्कलन तथा अद्यावधि गर्न सुरु गरेको छ ।
गाउँपालिका सबै वडा मार्फत सूचना जारी गरी विवरण सङकलन सुरु गरेको गाउँपालिकाका अध्यक्ष भरत दुलालले बताउनु भयो । नेपाल सरकारले कोरोना भाइरस सङ्क्रमणका कारण नेपालबाहिर रहेका नागरिकलाई उद्धार गर्न चाहेको खण्डमा विवरण आवश्यक पर्ने भएकोले विवरण तयार गर्न थालिएको अध्यक्ष दुलालले बताउनु भयो ।

यसैबीच, शैलुङ गाउँपालिका भित्र नियमित औषधी सेवन गरिरहेका बिरामीहरू औषधि सकिएर समस्या परेको खण्डमा एम्बुलेन्स चालकसँग सम्पर्क गरी आवश्यक सहयोग लिई औषधि मगाउन पालिकाले सर्वसाधरणलाई आग्रह गरेको छ ।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठ**का अनुसार जिल्लामा कोरोना भाइरस (कोभिड १९) सङ्क्रमणको जोखिम बढ्दै गएको स्वास्थ्य कार्यालयले जनाएको छ ।
राजधानी काठमाडौँबाट पैदल नै मानिस आउन सक्ने ठाउँ भएकोले पनि नुवाकोट बढी जोखिममा रहेको स्वास्थ्य कार्यालयका प्रमुख सागर घिमिरेले बताउनुभयो ।
सीमा जोडिएको धादिङको गल्छीमा कोरोना संक्रमित फेला परेपछि जिल्लामा जोखिम बढेको भन्दै जिल्लामा अग्रभागका रहेर काम गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र पत्रकारको परीक्षण गरिने तयारी भएको कार्यालय प्रमुख सागर घिमिरेले बताउनुभयो ।
कोरोना भाइरस सङ्क्रमित महिला भेटिएको धादिङको गल्छी नजिकैको बेलकोटगढी नगरपालिकाको कोल्पुटार क्षेत्रमा नागरिकको नमूनाको रुपमा कोरोना भाइरसको आरडिटी परीक्षण गरिएको छ । २० जनाको परीक्षण गरिएको सबैको नतिजा नेगेटिभ आएको स्वास्थ्य कार्यालयले जनाएको छ ।
यसैबीच, ककनी गाउँपालिकाले कोरोनाको जोखिम बढेसँगै पालिकाभित्रका अत्यावश्यक सेवा प्रवाह गर्ने बाहेकका सबै सरकारी कार्यालय बन्द गराएको गाउँपालिका अध्यक्ष मानबहादुर लामाले बताउनुभयो । सङ्घसंस्थाका कार्यालयहरू पनि बन्द गराएको गाउँपालिकाले जनाएको छ ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार मध्यपुरथिमि नगरपालिका-४ शङ्खधर चोक क्षेत्रमा कोरोना भाइरस (कोभिड १९) सङ्क्रमित भेटिएपछि सिल गरिएको बस्तीको १२ घरका २५ जनाको स्वाब परीक्षणको लागि जेठ ५ गते सङ्कलन गरिएको छ ।
सुनसरीबाट पास बनाएर मोटरसाइकलमा वैशाख २९ गते भक्तपुर आएर साथीको कोठामा बसेकी २५ वर्षीया महिलालाई कोरोना सङक्रमण भएको पुष्टी भएपछि सो घर र आसपासका अन्य घरमा बस्नेहरूको स्वाब सङ्कलन गरिएको हो ।
महानगरीय प्रहरी परिसर भक्तपुरका एसपी सविन प्रधान, नेपाली सेनाको वीरदल गण सूर्यविनायकका गणपति कर्णेल शिव पौडेल, सशस्त्र प्रहरी दुवाकोट गणका एसपी विश्व भट्टराईसहितको संयुक्त सुरक्षा फौजको नेतृत्वमा भक्तपुर अस्पतालका चिकित्सक सहितको प्राविधिक टोली र आरएनए १६ ग्रुपका दुई सदस्य सहितको टोलीले स्वाब सङ्कलन गर्नुभएको हो ।
वीरदल गणका कर्णेल शिव पौडेलले सङ्क्रमित बसेको घरमा बस्ने सबै १४ जनाको र बस्तीका ११ घरको ११ जनाको गरी २५ जनाको स्वाब सङकलन गरी लगिएको जानकारी दिनुभयो ।
वैशाख ३० गते टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा स्वाब सङ्कलन गरि पीसीआर परीक्षणमा कोरोना सङ्क्रमित महिलाको काठमाडौँको टेकु अस्पतालको आइसोलेसनमा उपचार भइरहेको छ ।
स्वाब सङ्कलनमा आउनु भएका मध्यपुरथिमि नगरपालिकाका मेयर मदनसुन्दर श्रेष्ठले मध्यपुर थिमि क्षेत्रमा कोरोना सङ्क्रमति पाइएपछि यहाँको सबै बस्तीलाई सुरक्षित राख्न बस्तीमा नयाँ मान्छेलाई प्रवेश गर्नदेखि हिडडुल गर्न पनि रोक लगाइएको बताउनुभयो ।
उहाँले कतिपय सडकमा स्थानीयले आफ्नो बस्तीमा नयाँ मान्छे र सवारी साधन आउन नदिन बस्तीका स्वयंसेवकले बाटो बन्द गराएको बताउँदै नगरपालिकाले अरनिको राजमार्ग र पेप्सीकोटा, सानोठिमी भक्तपुरको मूल सडक बाहेक अन्य भित्री सडक बन्द गराएको जानकारी दिनुभयो ।
त्यसैगरी नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालले जेठ ५ गते १ सय २३ जनाको कोरोना भाइरस परीक्षण गरेको छ ।
कोरोना भाइरस विरुद्धको अभियानमा अग्रभागमा रहेर विभिन्न क्षेत्रमा कार्यरतमध्ये राष्ट्रिय युवा सङ्घ नेपाल, पत्रकार, भक्तपुर उद्योग वाणिज्य सङ्घका पदाधिकारी, डा. ईवामुरा मेमोरियल अस्पताल सल्लाघारीका कर्मचारी २० जना, कोरिया नेपाल मैत्री अस्पतालका कर्मचारी एवम् स्वास्थ्यकर्मी, राहत वितरणमा अग्रभागमा रहेर काम गर्ने स्वयंसेवकलगायत १ सय २३ जनाको स्वाब सङ्कलन गरिएको नगर प्रमुख मदनसुन्दर श्रेष्ठले जानकारी दिनुभयो ।
यसै गरि भक्तपुरका नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य कार्यालयलले ५ गते गरेको आरडीटी परीक्षणमा नगरपालिकाका दुई कर्मचारीको रिपोर्ट कोरोना भाइरसको सङ्क्रमण पोजिटिभ आएको छ । आरडीटी परीक्षणमा एकजना वडा सचिव र अर्को सफाइ मजदुरको आरडीटी परीक्षण पोजिटिभ देखिएको हो ।
आरडीटी पोजिटिभ देखिएपछि भक्तपुर नपा-९ निवासी वडा सचिव र सफाइ मजदुरको घर तथा बस्ती सिल गरिएको भक्तपुरकी प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले जानकारी दिनुभयो ।
त्यस्तै उनीहरूको घरपरिवार र सम्पर्कमा आएका व्यक्तिलाई सचेत गरिएको जानकारी दिंदै उहाँले उनीहरूको पीसीआर रिपोर्ट आएपछि कोरोना सङ्क्रमणबारे यकिन थाहा हुने बताउनु भयो । दुबैजनालाई अहिले टेकुकै आइसोलेशनमा राखिएको छ ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङ**का अनुसार कोरोना भाइरस (कोभिड १९) बाट नेपालमा पहिलो पटक मृत्यु भएकी महिलाका पति सहित आफन्तहरु धुलिखेलबाट डिस्चार्ज भएका छन् ।
धुलिखेल अस्पतालको आइसोलेसन वेडमा रहेका उनीहरुमा कोरोना भाइरसको सङ्क्रमण पुष्टि नभएपछि जेठ ५ गते डिस्चार्ज भएका हुन् । मृतक महिलाका आफन्तमा कोरोना सङ्क्रमण पुष्टि नभएपछि डिस्चार्ज गरिएको जिल्ला स्वास्थ्य कार्यालय काभ्रेका प्रमुख एवम् जिल्ला कमाण्ड पोष्टका सदस्य सचिव डाक्टर नरेन्द्रकुमार झाले जानकारी दिनुभयो ।
ज्वरो, रुघाखोकी र सासफेर्न समस्या भएपछि सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे नगरपालिका वडा नम्बर ८ राम्चेकी २९ वर्षीय सुत्केरी महिला जेठ १ धुलिखेल अस्पताल भर्ना भएकी थिइन् । उहाँको सोहि दिन राती उपचारको क्रममा मृत्यु भएको थियो ।
उहाँको स्वाब परीक्षण गर्दा कोरोना सङ्क्रमण पुष्टि भएको थियो । त्यसपछि उनका पति १३ दिने नवजात शिशु सहित अस्पताल आइपुगेका आफन्तको पनि कोरोना भाइरस परीक्षण गरिएको थियो । उहाँका अनुसार धुलिखेल अस्पतालमा अहिले पनि ८ जना आइसोलेशनमै राखेर उपचार भइरहेको छ । काभ्रेमा हाल २७ जनालाई क्वारेन्टाइनमा राखिएको छ । उहाँहरुको पनि कोरोना परीक्षण भइरहेको जिल्ला स्वास्थ्य कार्यालय काभ्रेका प्रमुख एवम् जिल्ला कमाण्ड पोष्टका सदस्य सचिव डाक्टर झाले बताउनुभयो ।
**यसैबीच,** खानिखोला गाउँपालिकाले विदेशमा रहेका पालिका भित्रका नागरिकको तथ्याङ्क सङ्कलन थालेको छ । गाउँपालिकाले रोजगार, अध्ययन लगायतको सिलसिलामा देश बाहिर रहेका आफ्ना नागरिकको तथ्याङ्क सङ्कलन गर्न थालेको हो ।
मलेशिया, कतार, जापान, कोरिया लगायतका देशमा गरी लगभग ५ सय नागरिक रहेको प्रवक्ता मानबहादुर गोलेले जानकारी दिनुभयो । उहाँका अनुसार अहिलेसम्म २ सय भन्दा बढीले आफ्नो वितरण पालिकामा पठाइसकेका छन् । एक हप्ता भित्र तथ्यांक संकलन गरिसक्ने प्रबक्ता गोलेले बताउनुभयो ।
जिल्ला स्वास्थ्य कार्यालय धुलिखेलले भुम्लु गाउँपालिकालाई १ सय ३७ थान पिपिइ सेट उपलब्ध गराएको छ । यसमा पुनः प्रयोग गर्न मिल्ने १ सय १६ वटा छ भने पुनः प्रयोग गर्न नमिल्ने २१ वटा छ ।
स्वास्थ्य कार्यालयले ६० वटा आरडिटी किट पनि उपलब्ध गराएको पालिकाका स्वास्थ्य शाखा संयोजक सुदर्शन भट्राइले जानकारी दिनुभयो । आरडिटी किटबाट स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि र पालिकामा कार्यरत कर्मचारीको कोरोना परिक्षण गराईने छ । गाउँपालिकाले दीर्घरोगीहरुको तथ्याङ्क पनि सङ्कलन गरिरहेको छ ।
यसैबीच, काभ्रेमा कोरोनाबाट शव बहान सञ्चालनमा ल्याइने भएको छ । शीर मेमोरियल अस्पताल बनेपाले रेडक्रस काभ्रे शाखालाई दिएको एम्बुलेन्सलाई शव बहानका रुपमा प्रयोग गर्ने स्वास्थ्य कार्यालय काभ्रेका प्रमुख एवम् कमाण्ड पोष्टका सदस्य सचिव डाक्टर नरेन्द्रकुमार झाले जानकारी दिनु भयो । डाक्टर झाका अनुसार जिल्लामा ३५ ओटा एम्बुलेन्स भए पनि हालसम्म एउटा पनि शव बहान थिएन ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडाका** अनुसार चीनको जिलुङ कन्ट्रिबाट जिल्ला विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराइएको खाद्यान्न तथा स्वास्थ्य सामग्री प्राप्त भएको छ ।
प्राप्त भएको खाद्यान्नबाट पाँच औटै पालिकालाई प्रति गाउँपालिका २ सय १० बोरा चामल, २ सय २० बोरा मैदा, ६५ बाकस खाने तेल वितरण गरिएको छ ।

साथै चीनको जिलुङ कन्ट्रिबाट पिपिइ १ हजार १ सय सेट, मेडिकल मास्क १ लाख ३० हजार पिस र एन ९५ मास्क १ हजार ५ सय पिस, इन्फ्रारेड थर्मोमिटर १ सय १० पिस प्राप्त भएको प्रमुख जिल्ला अधिकारी अर्जुन भण्डारीले बताउनुभयो ।
हालसम्म तीन जना एकजनाको पिसिआर परीक्षण भएकोमा सबैको नतिजा नेगेटिभ आएको छ । कोरोना भाइसर (कोभिड -१९) को आरडिटी टेष्ट हालसम्म १ सय १६ जनामा भएकोमा सबैको रिपोर्ट नेगेटिभ देखिएको छ ।
नुवाकोट सिमानाको उत्तरगया गाउँपालिकाको बेत्रावतीबाट प्रवेश गर्ने सबै प्रकारका सवारी साधनलाई निसङ्क्रमण गराई जिल्ला प्रवेश गर्ने व्यवस्था मिलाइएको छ ।
बेत्रावती हेल्थ डेक्सलाई स्रोत साधन र प्रबिवधमैत्री बनाउने र बेत्रावती र नौकुण्डको सरमथली नाका भई बाहिरबाट आउन सक्ने मानिसहरूको निगरानी बढाइएको छ ।
जिल्लामा क्रियाशील १० पत्रकारहरूलाई खाद्यान्न अभाव भएको विषयमा नेपाल पत्रकार महासङघ रसुवाले जिल्ला विपद् व्यवस्थापन समितिमा अनुरोध गरेपछि प्रति पत्रकार ५ हजार रुपियाँ बराबरको चामल, दाल, चिनी, तेललगायत खाद्यान्न प्रदान भएको छ ।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार कोन्ज्योसोम गाउँपालिकामा जेठ २ गते आरडिटी परीक्षणमा दुई जनाको पोजेटिभ रिपोर्ट आएकोमा उनीहरू समेत ६० जनाको पीसीआर परीक्षण गरिएकोमा सबैको नेगेटिभ रिपोर्ट आएको गाउँपालिकाका अध्यक्ष गोपिलाल सिंतानले जानकारी दिनुभयो ।
महाँकाल गाउँपालिकामा अरु स्थानीय तहबाट आउन र बाहिर जान रोक लगाइएको छ । गाउँपालिकाका अध्यक्ष रामचन्द्र दाहालले सूचना जारी गरी कोरोना भाइरस (कोभिड १९) को जोखिम बढेकाले लकडाउन पालनालाई स्वयम्सेवक परिचालन गरि कडा गरिएको बताउनु भयो ।
पालिकाले दुध, तरकारीलगायतको विक्रिवितरणमा रोक लगाउनुका साथै बिहान ६ देखि ११ बजेसम्म मात्र खाद्य सामाग्री बेच्ने पसल सञ्चालन गर्न पाउने र अरु सबै व्यापार व्यवसाय जेठ १० गतेसम्मका लागि बन्द गर्न आदेश दिएको छ ।
६ वटै स्थानीय तहले नेपाल सरकारले जारी गरेको लकडाउन पालनालाई स्वयम्सेवक परिचालन गरी कडा गरे पनि उपत्यका बाहिरबाट कुनै व्यक्ति वा सवारी साधन आएको देखिएपछि समुदायले समेत जनप्रतिनिधि र प्रहरीलाई खबर गर्ने गरेको महानगरीय प्रहरी परिसरका प्रमुख एवम् एसएसपी टेकप्रसाद राईले जानकारी दिनुभयो ।
कान्ति लोकपथबाट आवात जावतमा कडाइ गरेसँगै ललितपुरबाट मकवानपुरतर्फ र मकवानपुरबाट ललितपुर तर्फ आवतजावत गर्ने सवारी आउन छोडेको बागमती गाउँपालिकाका प्रवक्ता विष्णुप्रसाद तिमल्सिनाले जानकारी दिनुभयो ।
ललितपुर महानगरपालिकाले जेठ ५ गते ३ सय ९ जनामा कोरोना भाइरस (कोभिड १९) को पिसिआर विधिबाट परीक्षण गर्न स्वाबको नमुना सङ्कलन गरी टेकु पठाइएको सामाजिक विकास समिति संयोजक दिनेश कार्कीले जानकारी दिनुभयो ।
कोभिड १९को जोखिमबाट रेड जोनमा परेका जिल्लाहरूबाट आएका व्यक्तिहरू, विदेशबाट आई सेल्फ क्वारेन्टाइनमा बसिरहेका व्यक्तिहरू, फोहोर व्यवस्थापनमा खटिएका श्रमिकहरू, उपस्थित स्वास्थ्यकर्मीहरू, पत्रकारहरू, स्वयमसेवकहरू र जनप्रतिनिधिहरूको कोभिड १९ को परीक्षण गरिएको नगर प्रमुख श्रेष्ठ बताउनु भयो ।

गोदावरी नगरपालिकामा २०७७ जेठ ५ गते २ सय १० जनाको आरडिटी परीक्षण गरिएकोमा ३ जनाको पोजेटिभ रिपोर्ट आएको छ । उनीहरूलाई बज्रबाराहीस्थित चापागाउँ अस्पतालको क्वारेण्टाइनमा राखिएको छ ।
थप ६४ जनाको पिसिआर विधिबाट कोरोना परीक्षण गर्न नमूना सङ्कलन गरी टेकु पठाइएको जनस्वास्थ्य कार्यालय ललितपुरका प्रमुख डा.खगेश्वर गेलालले जानकारी दिनुभयो ।
कोभिड-१९को सङ्कामा पाटन अस्पतालमा जेठ ५ गते १६ जनालाई भर्ना गरी आइसोलेसन वार्डमा उपचार भइरहेको अस्पतालले जनाएको छ ।
कोभिड-१९ को पुष्टि भएका पाँच जनाको पनि उपचार भइरहेको पाटन अस्पतालका निर्देशक डा. विष्णु शर्माले जानकारी दिनुभयो । उनीहरू सबैको अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ ।

**इन्सेक काठमाडौं जिल्ला प्रतिनिधि विमला पौडेल**का अनुसार जेठ ५ गतेसम्म नेपालमा कोरना सङ्क्रमितको सङ्ख्या ३ सय ५७ जना पुगेको छ । स्वास्थ्य मन्त्रालयका प्रवक्ता विकास देवकोटाले दिएको जानकारी अनुसार जेठ ५ गते मात्रै थप ५३ जनामा कोरना सङ्क्रमण देखिएको हो ।
जसमा ४७ जना बाँकेका रहेका छन् भने विराटनगर स्थीत प्रादेशिक प्रयोगशालामा मोरङ्गका एक जना, भैरवहाको प्रयोगशालामा गुल्मीका एक जना र धुलिखेल अस्पतालको प्रयोगशालामा गरिएको परीक्षणमा धनुषाका एक, रौतहटका एक, दाङका एक र धादिङका एक जना रहेका छन् ।
सङ्क्रमण देखिएकाहरू १८ वर्षदेखि ४६ वर्षसम्म उमेर समूह रहेका छन् । हालसम्म २ सय ९८ जना पुरुष र ५९ जना महिला रहेका मन्त्रालयले जनाएको छ ।
राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, काठमाडौँमा गरिएको परीक्षणले उनीहरूमा कोरोनाको सङ्क्रमण पुष्टि भएको हो । स्वास्थ्य मन्त्रालयले हाल सबै सङ्क्रमितको अवस्था सामान्य रहेको र उनीहरू स्वास्थ्यकर्मीको सम्पर्कमा रहेको जनाएको छ । नेपालका ७७ जिल्ला मध्ये हालसम्म ३१ जिल्लामा कोरना सङ्क्रमित देखिएको छ ।
यसैबीच, बूढानीलकण्ठ नगरपालिकाको तेञ्जिङ चोक सिल गरिएको छ भने तारकेश्वर नगरपालिकाले भने पालिका भित्र बाहरबाट अन्य मानिसलाई प्रवेश निषेध गर्ने निर्णय लिएको छ ।
बूढानीलकण्ठ नगरपालिका-१२ स्थित तेञ्जिङ चोकमा बसोबास गर्ने एक १८ वर्षीया महिलामा कोरोना परीक्षण रिपोर्ट पोजेटिभ आएपछि उक्त क्षेत्र बन्द गरिएको हो ।
तेञ्जिङ चोक बसोबास गर्दै आएकी महिलामा कोरोना भाइरस पोजेटिभ देखिएपछि युवती बसोबास गर्ने क्षेत्रदेखि २ सय ५० मिटर वरपर सिल गरिएको नगर प्रमुख उद्धवप्रसाद खरेलले जानकारी दिनुभयो ।
सङ्क्रमित महिला सर्लाही जिल्लाकी हुन् । उनलाई अहिले शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पताल टेकुको आइसोलेशनमा राखिएको छ । उनको सम्पर्कमा आएका १५ जनाको पनि पीसीआर परीक्षण गरिएको छ ।
उक्त क्षेत्रमा आगामी तीन दिन एक टोलबाट अर्को टोलमा हुने आवतजावत रोकिने नगर प्रमुख खरेलले बताउनुभयो ।
यस्तै तारकेश्वर नगरपालिकाले अनुमतिविना अपरिचित व्यक्ति र सवारी साधनलाई प्रवेश निषेध गर्ने भएको छ । कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमण बढ्दै गएकाले नगरपालिकाभित्र अनुमति नलिई प्रवेश गर्न खोज्ने अपरिचित व्यक्ति तथा सवारी साधनलाई नगरपालिका क्षेत्र प्रवेशमा कडाइका साथ रोक लगाइने नगर प्रमुख रामेश्वर बोहराले जानकारी दिनुभयो ।
नगरपालिकाभित्र सञ्चालित खाद्य सामग्री, तरकारी, ग्यास र दुग्धजन्य पसल दिनको एक पटक बिहान ५ देखि ९ बजेसम्म खोल्न दिइने बताइएको छ ।

यस्तै कुनै पनि वडामा राहत वितरण र खाना खुवाउने कार्य नगरपालिकाको पूर्वस्वीकृति लिएर मात्र गर्नुपर्ने बताइएको छ ।
कोरोना भाइरसको कारण दुई जनाको मृत्यु भएपछि काठमाडौं उपत्यकाका भित्री सडक र गल्लीहरूमा अहिले एम्बुलेन्स नै छिर्न नमिल्ने गरी तारबार गर्न थालेका छन् । तर गृह मन्त्रालयले भने यसरी तारबार लगाउनु कानुन विपरीत भएको भन्दै कारबाही गरिने जनाएको छ ।
गृहका सूचना अधिकारी उपसचिव उमाकान्त अधिकारीले कुनै पनि बहानामा सडक वा बाटो बन्द गर्न नपाइने बताउनु भएको हो ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार हेटौँडा उपमहानगरपालिका-११ ले लकडाउनका बेला राहत माग्न आउनेलाई दैनिक काममा लगाएर मात्रै राहत वितरण सुरु गरेको छ ।
लकडाउनका बेला १ हजार भन्दा बढी परिवारलाई राहत वितरण गरेको वडाले काम नभएर हातमुख जोड्न गाह्रो भयो भन्नेलाई काम दिएर खाद्यान्न लगायतका राहत वितरण गर्न सुरु गरेको वडा सदस्य रामचन्द्र न्यौपानेले जानकारी दिनुभयो ।
वडा कार्यालयले राहत माग्न आउने स्थानीयलाई नवलपुरस्थित त्रिभूवन नमूना माविको पर्खाल लगाउने काममा खटाएको छ । भूकम्पले क्षति पुर्‍याएको विद्यालयमा भवन निर्माणको कार्य भइरहे पनि पर्खाल निर्माणका लागि भने विद्यालयसँग बजेट अभाव भइरहेका बेला वडाले राहत माग्न आउनेलाई काममा लगाएको वडा सदस्य न्यौपानेले बताउनुभयो ।
हेटौँडास्थित कोरोना प्रयोगशालामा जेठ ४ गते ४१ ओटा स्वाब नमूनाको पुन: परीक्षण थालिएको छ । हेटौँडास्थित आइसोलेशन वार्डमा रहेका २७ जना र आइसोलेशन बाहिरका १४ जना गरि ४१ जनाको स्वाब परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ ।
यसैबीच, लकडाउनमा कडाई गरिरहेको मकवानपुर प्रहरीले जेठ ५ गते बिहान हेटौँडा बजारमा अनावश्यक रुपमा सञ्चालनमा आएका ५० बढी मोटरसाइकल नियन्त्रणमा लिएको छ ।
पटकपटक लाइन जाने समस्याका कारण हेटौँडामा कोरोना परीक्षणको रिपोर्ट आउन ढिलाइ हुने गरेको छ । सामाजिक विकास मन्त्रालयले कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्रमा सञ्चालनमा ल्याएको कोरोना परीक्षण प्रयोगशालामा पटकपटक विद्युत सेवा अवरुद्ध हुने अन्य विकल्पको उचित व्यवस्थापन नहुँदा परीक्षणको रिपोर्ट आउन ढिलाइ हुने गरेको हो।
बिजुली जाँदा वैकल्पिक ऊर्जाको व्यवस्थापन नहुँदा रिपोर्ट आउन आँकलन गरिएको भन्दा धेरै समय लाग्ने गरेको प्रयोगशालाका निर्देशक नारायण कार्कीले बनाउनु भयो ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार रामेछापको उमाकुण्ड गाउँपालिकाको मध्यमार्गी सडक निर्माणको काममा संलग्न मजदुरहरूलाई लकडाउनको बेलामा उचित पाश्रिमिक नदिई निकालिएको गुनासो गरेको छन् ।
दैनिक ९ सय रुपैयाँ ज्याला दिने सर्तमा काम लगाएकोमा ५ सय ५० रुपैयाँका दरले मात्र ज्याला दिएको सो काममा संलग्न रोल्पा जिल्ला घरभएका मजदुर विशला भण्डारीले बताउनु भयो । उचित ज्याला नपाएपछि ३५ जना मजदुरहरू कम छाडेर पैदल घर जानेभन्दै जिल्ला सदरमुकाम मन्थली आइपुगेका छन् ।
जिल्लामा हालसम्म ३ सय २४ जनाको र्‍यापिड टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ देखिएको छ । जेठ ५ गतेसम्म जिल्लाका विभिन्न पालिकामा महिला ६० जना र पुरुष २ सय ६४ जनाको टेष्ट आरडीटी प्रविधिबाट (कोभिड १९) को परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य

कार्यालय रामेछापका प्रमुख जीतेन्द्रकुमार कर्णले जानकारी दिनुभयो । जिल्लामा ४९ जनालाई क्वारेण्टाइनमा राखिएको छ ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डे**का अनुसार जिल्लाका सुरक्षा अधिकारीहरू, जनप्रतिनिधिहरू, स्वास्थ्यकर्मी र सञ्चारकर्मीहरूको आरडिटी परीक्षण थालिएको छ ।
सिन्धुली अस्पतालका स्वास्थ्यकर्मी सहित उक्त कार्यक्रममा जिल्लाका फ्रन्टलाईनमा काम गर्नेहरूको कोरोना परीक्षण थालिएको हो । सिन्धुली अस्पतालमा गरिएको आरडिटी परीक्षणमा २० जनाको नतिजा पोजेटिभ आएको छ ।
जसमध्ये १२ जना स्वास्थ्यकर्मीमा आरडिटी परीक्षण पोजेटिभ आएको सिन्धुली अस्पतालका कोभिड १९ फोकल पर्सन डा. प्रसन्न राजभण्डारीले बताउनु भयो ।
स्वास्थ्यकर्मी, सञ्चारकर्मी, जनप्रतिनिधि, सुरक्षाकर्मी लगायत गरि १ सय ५९ जनाको आरडिटी परीक्षण गरिएको थियो । आरडिटीमा स्वास्थ्यकर्मी र सुरक्षाकर्मीमा आरडिटी परीक्षण पोजेटिभ देखिएको छ ।
आरडिटी परीक्षणमा नतिजा सार्वजनिक भएसँगै जिल्लाबासीहरूमा त्रास फैलिएको छ । स्वास्थ्यकर्मीहरू लगायत सामाजिक अभियन्ताहरूले पिसिआर परीक्षणको नतिजा आउन दिन र नआत्तिई सुरक्षित रहन अनुरोध गरिरहेका छन् ।
स्वास्थ्य कार्यालय सिन्धुलीका प्रमुख जीतेन्द्रकुमार शाहका अनुसार आरडिटी परीक्षणमा नतिजा पोजेटिभ आए पनि सबैमा कोरोना हुन नसक्ने हुँदा जिल्लाबासीलाई नआत्तिन र पिसिआर रिपोर्ट आउन दिन आग्रह गरेका छन् । आरडिटी परीक्षणमा नतिजा पोजेटिभ आएकाको जेठ ६ गते स्वाब सङ्कलन गरि प्रादेशिक अस्पताल हेटौंडामा स्वाव परीक्षणका लागि पठाउने तयारी गरेको सिन्धुली अस्पतालले जनाएको छ ।
सिन्धुली अस्पतालको आइसोलेसनमा भर्ना गरिएका दुई जना महिला र क्वारेन्टाइनमा राखिएका दुई पुरुषको कोरोना परीक्षण नतिजा नेगेटिभ आएको छ । उनीहरूको स्वाव सङ्कलन गरि सिन्धुली अस्पतालले जेठ ४ गते प्रादेशिक अस्पताल हेटौंडामा परीक्षणको लागि पठाएको थियो ।
उनीहरू चार जना कै रिपोर्ट नेगेटिभ आएको सिन्धुली अस्पतालका कोभिड १९ फोकल पर्सन डा. प्रसन्न राजभण्डारीले बताउनु भयो । एकजना नेपाली सेना, एकजना भारतबाट आएका पुरुष र दुई जना सिन्धुली अस्पतालमा आइसोलेशनमा भर्ना गरिएका दुई जना महिलाको कोरोना परीक्षण नतिजा नेगेटिभ आएको डा. राजभण्डारीले बताउनुभयो
तिनपाटन गाउँपालिका-१ ले वडाका किसानहरूलाई ७० प्रतिशत अनुदानमा धानको बिउ वितरण गरेको छ । गाउँपालिकाले ५० प्रतिशत अनुदान दिएको भए पनि वडाले थप २० प्रतिशत अनुदान थपि धानको बिउ उपलब्ध गराएको हो ।
२ सय २५ जना किसानका लागि उक्त बिउ वितरण गरिएको वडा अध्यक्ष गोविन्द राउतले बताए । उनका अनुसार ३० किलोको बिउका २ सय ५० बोरा धानको बिउ उपलब्ध गराइएको छ ।
कोरोना भाइरसका कारण वडामा खाद्य सङ्कट हुन नदिने पूर्व तयारी अनुरुप उन्नत जातको धानको बिउमा अनुदान दिइएको राउतले बताए ।
किसानले आवश्यक मात्रामा धानको बिउ खरिद गर्न नसक्ने अवस्थालाई मध्यनजर गर्दै वडामा रहेका विपन्न किसानहरूलाई धानको बिउ उपलब्ध गराईएको हो ।
यसैबीच, नेपाल आदिवासी जनजाती पत्रकार (फोनिज) सिन्धुलीले फ्रन्टलाईनमा खटिने जिल्लाका आदीवासी जनजाति पत्रकारहरूको विमा गरिदिने भएको छ ।

त्यस्ता पत्रकारको १ लाखको विमा गरिने फोनिजका अध्यक्ष नविन श्रेष्ठले विज्ञप्ति मार्फत जानकारी दिएका छन् ।

कार्यसमितिको अनलाईन बैठकबाट उक्त निर्णय भएको श्रेष्ठले जानकारी दिएका हुन् । कोरोना भाइरसको महामारीका कारण कुनै पनि सञ्चारमाध्यमबाट पत्रकारहरूलाई ननिकाल्न समेत मिडिया हाउसहरूलाई अनुरोध समेत गरेको छ ।

यस्तै फोनिजले सचेतता पूर्वक काम गर्न गराउन सञ्चारमाध्यमलाई अनुरोध गर्नुका साथै पत्रकारहरूलाई स्वास्थ्य सुरक्षाका सामग्री उपलब्ध गराउन तीनै तहका सरकारलाई अनुरोध समेत गरिएको छ ।

**इन्सेक बागमती प्रदेश कार्यालय, हेटौँडा**